लामा रहेका छन्।

# ईश्वरपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

ईश्वरपुर, सर्लाही
२ नं. प्रदेश, नेपाल

## सेनीटरी व्याड खरिद गर्ने सम्बन्धी सिलवन्दी दरभाउ-पत्र आह्वान सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०७८।०२।१९ गते**

यस नगरपालिकाबाट आ.व. २०७७/०७८ कालागि स्वीकृत कार्यक्रम बमोजिम सेनिटरी प्याड गोप्य शिलबन्दी दरभाउ पत्रद्धारा खरिद गर्नु पर्ने भएकोले ईच्छुक इजाजत प्राप्त फर्म वा कम्पनीबाट निर्धारित शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी दरभाउपत्र आह्वान गरिन्छ ।

१. यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन भित्रमा रु. १०००।- (पछी फिर्ता नहुने गरी ) यस कार्यालयको राजश्व शाखामा बुझाई दरभाउपत्र खरिद गर्न सक्नेछ-। गोप्य शिलबन्दी दरभाउपत्र १६ औं दिन दिनको १२:०० बजेसम्म यस कार्यालयमा दर्ता गराउनु पर्नेछ । तर दरभाउपत्र खरिद गर्ने अन्तिम दिन वा दरभाउपत्र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट सोही समयमा खरिद तथा दर्ता गर्न सकिनेछ ।

२. दरभाउपत्र फारम खरिद गर्न निवेदनका साथ सेनिटरी प्याड बिक्रि गर्ने इजाजतपत्र आ.व. २०७६/०७७ सम्मको कर चुक्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, मु.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, नविकरण गरिएको कम्पनी दर्ता प्रमाणपत्र वा फर्म दर्ता प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपिहरु संलग्न राख्नु पर्नेछ ।

३. दर्ता हुन आएका शिलबन्दी दरभाउपत्रहरु १६ औं दिनको ०२:०० बजे कार्यालयका प्रतिनिधिहरु र दरभाउपत्र दाताहरुको वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

४. सिलबन्दी दरभाउपत्र साथ धरौटी वापत तपसिलमा उल्लेखित रकम यस नगरपालिकाको नाममा नेपाल बैंक लिमिटेड, बयलबास शाखामा रहेको धरौटी खाता नं. १०९०३००००३००००००००१ मा जम्मा गरेको सक्कलै भौचर वा दरभाउपत्र दाताले दाखिला गर्ने मितिले मान्य अवधि ७५ दिनको यस नगरपालिकाको नाममा जारी गरिएको बैंक जमानतपत्र संलग्न राख्नु पर्नेछ ।

५. दरभाउपत्र कबोल गरिएको दररेट अंक र अक्षर दुबैमा प्रष्ट रुपमा लेखिएको हुनु पर्ने छ र अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ । कुनै महलमा दर उल्लेख गर्न छुट भएमा सो दरभाउपत्र मान्य हुने छैन । साथै सर्त रहेको, म्याद नाघी वा रित नपुगी पर्न आएका दरभाउँपत्रहरु उपर कुनै कारवाही हुने छैन ।

६. सेनिटरी प्याडखदि गर्दा सेनिटरी प्याड (विवरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को अनुसूची १ सेनिटरी प्याडको न्युनतम मापदण्ड अनुसार र GMP Certified Company, Q/C Passed बाट उत्पादित मात्र खरिद गरिनेछ । दरभाउपत्रको महलमा सेनीटरी प्याड कुन कम्पनिको आपूर्ति गरिने हो कम्पनीको नाम स्पष्ट उल्लेख गर्नु पर्नेछ । आपूर्ति हुने सेनिटरी प्याडहरुको प्रत्येक प्याकिङको बाहिर उत्पादन मिति, Expiry Date, Batch No. तथा Supply for Ishworpur.mun not for sell (यो स्यानीटरी प्याड बिक्रीका लागि होइन) भनी लेखिएको हुनु पर्ने छ ।

७. दरभाउपत्र पेश गर्दा मूल्य अभिवृद्धि कर समेतको दररेट पेश गर्नु पर्नेछ । दरभाउ पेश गरेको मूल्य यस आ.व.का लागि भएकोले आषाढ मसान्तसम्म कुनै प्रकारको मूल्य वृद्धि दिइने छैन ।

८. दरभाउदाताले पुरा ठेगाना, फोन नं. तथा मोवाईल नं. आदि खुलाउनु पर्नेछ र दरभाउपत्र स्विकृत भएको जानकारी पाएर पनि तोकिएको समयवधिमा सम्झौता गर्न नआएमा दरभाउपत्र रद्ध गरी निजले राखेको धरौटी जफत गरी नजिकको दोश्रो दरभाउपत्र स्विकृत गरी सम्झौता गरिनेछ ।

९. दरभाउपत्रदाताले खरिद आदेश पाएको १५ औं दिनभित्र यस नगरपालिकामा खरिद आदेश अनुसार सेनिटरी प्याड दाखिला गर्नु पर्नेछ । दाखिला गर्न नसकेमा नगरपालिकाबाट ती सेनिटरी प्याडहरु पाएसम्म दरभाउ पत्रकै दररेटमा नगरपालिकामा उचित बजार मुल्यमा खरिद गरी ल्याईने छ । यसरी खरिद गर्दा सम्वन्धित दरभाउपत्रदाताले पाउने रकमबाट उक्त रकम कट्टा गरी भुक्तानी गरिने छ ।

१० कार्यालयमा सेनिटरी प्याड दाखिला हुन आउँदासम्म १८ महिनाको Expiry Date हुनु पर्नेछ । तर कुनै सेनिटरी प्याडको Expiry Date १८ महिना भन्दा कम हुने अवस्थामा जम्मा Expiry Date को ७५ प्रतिशत म्याद बाँकी हुँदा दाखिला गर्न सकिने छ ।

११. कार्यालयसम्म आपूर्ति गर्न लाग्ने दुवानी तथा अन्य करहरु दरभाउँपत्र दाताले स्वयं व्यहोर्नु पर्नेछ ।

१२. दरभाउँपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ ।

१३. यस सूचनामा उललेख नभएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित नेपाल सरकारको कानून बमोजिम हुनेछ । साथै दरभाउँपत्र सम्बन्धी थप जानकारी यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राखीउ जानकारी लिन सकिनेछ ।

**तपसिल**

| आ.व. | कामको विवरण | लागत अनुमान रकम रु. | धरौटी रकम रु. | कैफियत |
|---|---|---|---|---|
| २०७७।०७८ | सेनेटरी प्याड | १९,९९,८००।- | ५५,०००।- | सशर्त |

- प्रमुख प्रशासकीय अधिकृत